# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, फागुन १४ गते २०६३ साल (संख्या ४३

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले २०६४ साल वैशाख १ गतेदेखि २०६४ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरूलाई देहाय बमोजिमका सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छः–

१. शनिबार बिदाः

| | |
|---|---|
| क) वैशाख- १,८,१५,२२,२९ (५ दिन) | ख) जेठ- ५,१२,१९,२६ (४ दिन) |
| ग) असार- २,९,१६,२३,३० (५ दिन) | घ) साउन- ५,१२,१९,२६ (४ दिन) |
| ङ) भदौ- १,८,१५,२२,२९ (५ दिन) | च) असोज- ५,१२,१९,२६ (४ दिन) |
| छ) कात्तिक- ३,१०,१७,२४ (४ दिन) | ज) मंसीर- १,८,१५,२२,२९ (५ दिन) |
| झ) पौष- ७,१४,२१,२८ (४ दिन) | ञ) माघ- ५,१२,१९,२६ (४ दिन) |
| ट) फागुन- ४,११,१८,२५ (४ दिन) | ठ) चैत- २,९,१६,२३,३० (५ दिन) |

जम्माः ५३ दिन

२. पर्व बिदाः

क) नववर्ष, वैशाख १ गते शनिबार।

ख) सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरूः मा गौरा पर्व (गौरा पूजा) पर्व दिन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग) जनै पूर्णिमा, रक्षावन्धन (ऋषितर्पणी) भाद्र ११ गते मंगलबार ।

घ) छठ पर्व मनाउने जिल्लाहरूमा कार्तिक ३० गते शुक्रबार ।

ङ) इसाई धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई क्रिसमस् डे, (डिसेम्बर २५ तारिख) पौष १० गते मंगलबार ।

च) ल्होसार पर्व मान्ने सरकारी कर्मचारीहरूका लागि ल्होसार पर्व पर्ने दिन ।

छ) किराँत चाड मान्ने सरकारी कर्मचारीहरूका लागि किराँत चाड पर्ने मंसीर-पूर्णिमाको दिन ।

ज) आदिवासी थारु जातिका सरकारी कर्मचारीहरूलाई माघी पर्व माघ १ गते मंगलबार ।

झ) इस्लाम धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई ईद (ईदुल्ल फित्र) र बकर ईद (ईदुल जोहा)का दिन ।

ञ) महाशिवरात्री, फाल्गुन २३ गते बिहीबार ।

ट) फागुपूर्णिमा, चैत्र ८ गते शुक्रबार र देहायका जिल्लाहरूमा चैत्र ९ गते शनिबार ।

जिल्लाहरूको नाम

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ्ग | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिराहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. नवलपरासी | १४. रुपन्देही | १५. कपिलवस्तु | १६. दाङ |
| १७. बाँके | १८. बर्दिया | १९. कैलाली | २०. कञ्चनपुर |

३. महिला कर्मचारीको लागि मात्रः

क) हरितालिका (तीज), भाद्र २८ गते शुक्रबार ।

ख) ऋषि पञ्चमी, भाद्र ३० गते आइतबार ।

ग) नारी दिवस, (मार्च ८) फागुन २५ गते शनिबार ।

४. शिक्षण संस्थाको लागि मात्रः

बसन्त पञ्चमी, माघ २८ गते सोमबार ।

५. काठमाडौं उपत्यकालाई मात्र जात्रा बिदाः

क) गाईजात्रा, भाद्र १२ गते बुधबार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख) इन्द्रजात्रा, आश्विन ८ गते मङ्गलबार ।

ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा ।

६. दशैं बिदा:

क) घटस्थापना, आश्विन २५ गते शुक्रबार ।

ख) कार्तिक १ गते बिहिबारदेखि कार्तिक ६ गते शुक्रबारसम्म (फूलपातीदेखि पूर्णिमासम्म) ।

७. तिहार बिदा:

लक्ष्मीपूजा, कार्तिक २३ गते शुक्रबारदेखि भाइटीका कार्तिक २५ गते आइतबारसम्म ।

८. दिवस बिदा:

क) लोकतन्त्र दिवस, वैशाख ११ गते मंगलबार ।

ख) विश्व मजदुर दिवस, (मे १), वैशाख १८ गते मंगलबार

ग) निजामती सेवा दिवस, भाद्र २२ गते शनिबार (निजामती कर्मचारी (विदेशस्थित नेपाली नियोगहरूमा कार्यरत समेत), अदालत तथा संवैधानिक निकायका कर्मचारीहरूलाई मात्र) ।

घ) शहीद दिवस, माघ १६ गते बुधबार ।

ङ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते मंगलबार ।

९. शुभ-जयन्ती बिदा:

क) बुद्ध जयन्ती, वैशाख १९ गते बुधबार ।

ख) श्रीकृष्ण जन्माष्टमी, भाद्र १८ गते मंगलबार ।

ग) रामनवमी (राम जयन्ती) ।

१०. सट्टा बिदा:

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेट, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमा समेत कामकाज गर्नुपर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरो सार्वजनिक बिदाका दिन काम गरेबापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न पाइने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

308

११. कार्यालयमा हाजिर हुने र छुट्ने समयः

नेपाल राज्यभरका सबै सरकारी कार्यालयहरूमा शुक्रबार बाहेक माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म बिहान १०.०० बजे हाजिर भई अपरान्ह ५.०० बजे छुट्ने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०.०० बजे हाजिर भई अपरान्ह ४.०० बजे छुट्ने । शुक्रबारको हकमा विहान १०.०० बजे हाजिर भई अपरान्ह ३.०० बजे छुट्ने ।

१२. यो भन्दा अघि कर्णाली अञ्चलका मुगु, जुम्ला, कालिकोट, डोल्पा, र हुम्ला एवं धवलागिरी अञ्चलको मुस्ताङ्ग जिल्लामा मिति २०२७।८।२१।२ को निर्णयबाट नेपाल राज्यभरका अन्य जिल्लाहरूमा भन्दा आधा घण्टा अगाडि कार्यालय बन्द गर्ने प्रचलन रहिआएकोमा अब आइन्दा नेपाल राज्यभर कार्यालय समय एउटै कायम गर्ने ।

द्रष्टव्य :

"आधा दिन" भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको निम्ति १:०० बजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्छ ।

आज्ञाले,
उमेशप्रसाद मैनाली
नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो. हु. ब. नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।